नेपाल सरकार

ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय

**विद्युत नियमन आयोगको सदस्य नियुक्ति सिफारिस समितिको सूचना**

**प्रकाशित मिति : २०७८।६।२१**

विद्युत नियमन आयोग ऐन, २०७४ को दफा ५ बमोजिम विद्युत नियमन आयोगको रिक्त एक सदस्य पदमा नियुक्तिको लागि सोही दफामा तोकिए बमोजिम आवश्यक न्यूनतम योग्यता र अनुभव पूरा भएका इच्छुक उम्मेदवारहरुले यो सूचना प्रकाशन भएको मितिले २१ (एक्काइस) दिनभित्र उक्त ऐनको दफा ७ को उपदफा (१) बमोजिम गठित सिफारिस समिति समक्ष तपसिल बमोजिमका कागजात तथा विवरण सहित आवेदन पेश गर्न यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल:**

१. विद्युत नियमन आयोग नियमावली, २०७५ को अनुसूची-१ बमोजिमको आवेदन (आवेदन साथ व्यक्तिगत विवरण, नोटरी पब्लिकबाट प्रमाणित शैक्षिक योग्यताका प्रति र कार्य अनुभवसम्बन्धी कागजात),

२. विद्युत नियमन आयोग नियमावली, २०७५ को अनुसूची-२ बमोजिमको स्वघोषणा,

३. कार्ययोजनाको ढाँचा र यस सम्बन्धी थप जानकारी सिफारिस समितिको सचिवालयबाट प्राप्त गर्न सकिनेछ ।

द्रष्टव्य :

१. यो सूचना बमोजिमको आवेदन तथा सम्बद्ध कागजातहरु ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयमा रहेको सिफारिस समितिको सचिवालयमा पेस गर्नु पर्नेछ ।

२. आवेदनसाथ आवश्यक कागजात तथा विवरण संलग्न नभएमा उक्त आवेदनलाई मूल्याकंनमा समावेश गरिने छैन र सूचनाको म्याद समाप्त भएपश्चात कुनै पनि कागजात वा विवरण स्वीकार गरिने छैन ।

३. आवेदन पेश गरेका उम्मेदवारहरु मध्ये कार्ययोजनाको मूल्यांकनबाट छनौट भई संक्षिप्त सूचीमा परेका बढीमा ५ जना उम्मेदवारहरुलाई कार्ययोजना प्रस्तुतिको लागि इमेल वा एसएमएस वा टेलिफोनबाट सूचित गरिनेछ ।